# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०२।०९ गते

## प्रेस विज्ञप्ति
### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

खानेपानी तथा सरसफाइ सब-डिभिजन कार्यालय, सल्लेरी, सोलुखुम्बुमा महिला कार्यकर्ता (रा.प.अनं. प्रथम) पदमा कार्यरत झरना राईको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निजले यमुना प्रसाद स्मारक संस्कृत उच्च विद्यालय कन्हैली, नरपतगंज, पटनाबाट मध्यमा तह पास गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी सेवामा नियुक्ति लिई बहाल रही लाभ समेत लिएको पुष्टि भएकोले निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) द्वारा परिभाषित कसुर गरेको देखिएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कसुरको मात्रा अनुसार जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(काली प्रसाद पराजुली)
सह-सचिव